annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ६० पृष्ठ ८ | काठमाडौं, शनिबार १५ असार २०८१ | आषाढ कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४४ | SATURDAY, JUNE 29, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## भुटानी शरणार्थी प्रकरणमा प्रतीक थापा पक्राउ



**काठमाडौं** (अन्नपूर्ण) : नक्कली भुटानी शरणार्थी प्रकरणमा प्रतीक थापा पक्राउ परेका छन्। प्रहरीले थापालाई शुक्रबार काठमाडौंको बौद्धबाट पक्राउ गरेको हो। थापा पूर्वगृहमन्त्री रामबहादुर थापाका छोरा हुन्।

नक्कली भुटानी शरणार्थी प्रकरणमा एमाले नेता टोपबहादुर रायमाझीसहित ७ जना थुनामा छन्। सर्वोच्च अदालतले उनीहरूलाई थुनामै राख्न आदेश दिएको थियो। यसअघि काठमाडौं जिल्ला अदालत र उच्च अदालत पाटनले नेता रायमाझीसहित तत्कालीन गृहसचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सल्लाहकार इन्द्रजित राई, भुटानी शरणार्थी प्रकरणका मुख्य आरोपी केशव दुलाल, सानु भण्डारी, सागर राई र सन्देश शर्मालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। सोही प्रकरणमा नेपाली कांग्रेसका नेता बालकृष्ण खाँण ३० लाख धरौटीमा रिहा भएका थिए। त्यस्तै कांग्रेस नेता आङटावा शेर्पा र गोविन्द चौधरी पनि ३० लाख र १० लाख धरौटीमा रिहा भएका थिए।

नेपाली नागरिकहरूलाई भुटानी शरणार्थीका रूपमा अमेरिका पठाइदिने प्रलोभनमा करोडौं ठगी गरेको अभियोगमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको थियो। उनीहरूविरुद्ध ठगी, लिखत किर्ते र राज्यविरुद्ध तथा संगठित अपराधसम्बन्धी कसुरमा मुद्दा दायर भएको छ।

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन गरिएको अपराध अभियोगमा गत वर्ष सरकारी वकिलको कार्यालयले थापालाई फरार सूचीमै राखेर यो अपराधमा संलग्नहरू विरुद्ध अदालतमा मुद्दा दायर गरेको थियो।

### भित्री पृष्ठ



पृथ्वी अटल छ - पृष्ठ ३



पाखोबारीमा लिची बगैंचा - पृष्ठ ७

कभर स्टोरी



# करणको करामत

नेपाल आइडल सिजन ५ को विजेता बनेका छन्, करण परियार। उनको कथाभित्र दुःख, अभाव, संघर्ष, मेहनतमात्र छैन, अपार सफलता पनि छ। जीवनको एउटा बिन्दुबाट अर्को बिन्दुसम्मको उनको यात्रामा दर्शकले जबर्जस्त रूपमा आफूलाई करणसँग जोडे।

सुरेश पौडेल | काठमाडौं

- को रिपोर्ट

समाचार पृष्ठ ३

# सिधा कुरामा प्रसारित अडियो किर्ते रहेको प्रहरीको निर्क्योल

### अध्यक्ष, सम्पादक र अडियो निर्माताविरुद्ध सरकारी वकिलद्वारा मुद्दा दायर

अन्नपूर्ण | *काठमाडौं*

सरकारी वकिल कार्यालय काठमाडौंले सिधा कुरा डट कमका अध्यक्ष युवराज कँडेल, कार्यकारी सम्पादक नवीन ढुंगाना र राजकुमार तिमिल्सनाविरुद्ध मुद्दा दायर गरेको छ। विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐनअन्तर्गतको र अपमानजनक व्यवहारसम्बन्धी कसुरमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको हो। प्रतिवादी बनाइएका कँडेल, ढुंगाना र तिमिल्सिना फरार रहेको अभियोगपत्रमा उल्लेख छ।

नेपाल प्रहरी प्रधान, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले सिधा कुरा डट कमले प्रसारित गरेको अडियो क्लिपमा राजकुमार तिमिल्सिनाले उल्लेख गरेका नामका व्यक्तिहरू अन्नपूर्ण पोस्ट्को प्रधान कार्यालयमा उपस्थित नरहेको, नदेखिएको प्रतिवेदन पेस गरेको थियो। सिधा कुरानामक युट्युबलगायतका सामाजिक सञ्जालबाट वैशाख १४ गते र तत्पश्चात् शृंखलाबद्ध रूपमा अपलोड गरी प्रसारित चार सयभन्दा बढी भ्रष्टाचारका मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ अप्रेसनसमेतको शीर्ष राखी प्रसारण गरिएको थियो।



युवराज कँडेल



नवीन ढुंगाना



राजकुमार तिमल्सिना

सीआईबीको पत्र, बुझिएका व्यक्तिहरू राजकुमार तिमिल्सिना, किशोरकुमार विष्ट, कैलाशप्रसाद सिरोहिया, सञ्जयसिंह थापा, रामेश्वर थापा, सुरेन्द्र काफ्ले, हरिप्रसाद उप्रेतीले खुलाई लेखाइदिएको घटना विवरण कागजहरूसमेतको आधार प्रमाण लिइएको अभियोगमा जनाइएको छ । 'अडियो क्लिप रेकर्ड गर्दा त्यहाँ उपस्थित भनिएका प्रमुख पात्रहरूको कुनै पनि संवाद नरहेको तथा उक्त अडियो क्लिप रेकर्डकर्ता राजकुमार तिमिल्सिनाको अडियोमा गरिएको संवादले विचाराधीन मुद्दाहरूमा के कसरी प्रभाव पार्न सक्छ भन्ने कुनै पनि वस्तुनिष्ठ आधार नदेखिएको ' अभियोगपत्रमा उल्लेख छ। त्यस्तै किशोर विष्टको कुनै विवरण उपलब्ध गराउन नसकेको र निजको उपस्थितिको औचित्यतासमेत पुष्टि हुने आधार नदेखिएको अभियोगपत्रमा उल्लेख छ।

सिधा कुरा मिडिया नेट वर्क प्रालिबाट पेन ड्राइभमा प्राप्त हुन आएको अडियो क्लिप के, कुन मिति र समय तथा के कुन उपकरण रेकर्ड गरिएको भन्ने सम्बन्धमा प्राविधिक परीक्षणबाट यकिनसाथ खुल्न नआएको समेत अभियोगपत्रमा जनाइएको छ। उक्त अडियो क्लिप २०७७ चैत ३० गते रेकर्ड गरी त्यसको दुई दिनपछि बिर्तामोड झापास्थित मोबाइल फोन पसलमा कम्प्युटर ट्रान्सफर गरी कम्प्युटरबाट व्यक्तिगत मोबाइल फोनमा ट्रान्सफर गरेको घटना विवरण कागजमा उल्लेख गरिएको छ।

अभियोगपत्रमा भनिएको छ, बिर्तामोड झापास्थित रहेका मोबाइल फोन पसलहरूमा निजको बारेमा फोटो देखाई सो विषयमा सोधपुछ गर्दा निजलाई कोही कसैले नचिनेको कारण निजले झुट्टा व्यहोरा लेखाई दिएको देखिन्छ।'

तिमिल्सिनाले सर्वोच्च अदालतको गरिमामा आँच पुर्‍याई, अदालतप्रतिको आमधारणामा भ्रम उत्पन्न गराई, घृणा र द्वेष फैलाउने उद्देश्यले अप्रमाणित, असत्य, कपोलकल्पित, भ्रामक समाचारहरूको अडियो क्लिप बनाई आफ्नो इमेल ठेगानाबाट सिधा कुरा डट कमका अध्यक्ष कँडेलको इमेल ठेगानामा पठाएको अभियोगपत्रमा खुलाइएको छ। अडियोको सत्यताको कुनै जाँच नगरी / नगराई सिधा कुरानामक युट्युब च्यानलबाट प्रसारण गरी / गराई विद्युतीय कारोबार ऐनअन्तर्गतको र अपमानजनक कसुरजन्य कार्य गरेको भन्ने प्रस्ट हुन आउने दाबी अभियोगपत्रमा गरिएको छ।

तीनैजना प्रतिवादीले विद्युतीय कारोबार ऐन (२०६३) को दफा ४७ को उपदफा (१) बमोजिमको कसुर र मुलुकी अपराध संहिता, २०७४ को दफा १६८ (१) विपरीतको कसुर गरेको सप्रमाण पुष्टि भएको अभियोगपत्रमा जनाइएको छ।

सर्वोच्च अदालतका न्यायाधीश तथा अन्य निकाय तथा व्यक्तिलाई प्रतिवादीहरूको कसुरबाट पर्न गएको अपमानजनक पीडासमेतको विचार गरी पीडित व्यक्तिलाई मनासिब क्षतिपूर्ति भराई पाउनसमेत मागदाबी लिइएको छ। साथै, अपराध पीडित संरक्षण ऐन २०७४ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन पनि अनुरोध गरिएको छ।

» बाँकी पृष्ठ ६

# पर्साका ९४% विद्यार्थी एसईईमा अनुत्तीर्ण

क्रान्ति शाह | *वीरगन्ज*

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा पर्सा जिल्लामा ९४ प्रतिशतभन्दा बढी विद्यार्थी अनुत्तीर्ण (नन्ग्रेडिङ) भएका छन्।

शिक्षा विकास तथा समन्वय इकाइ पर्साले दिएको जानकारीअनुसार, एसईईमा पर्साबाट ९४.०९ प्रतिशत विद्यार्थी अनुत्तीर्ण भएका हुन्। गत चैत १५ देखि चैत १६ गतेसम्म सञ्चालित एसईई परीक्षामा पर्साबाट कुल ९ हजाार ३ सय ३८ जना विद्यार्थी सहभागी भएकोमा तीमध्ये ५.९ प्रतिशतमात्र अर्थात् ५ सय ५२ जना विद्यार्थी उत्तीर्ण भएका छन्। ८ हजार ८ सय ८७ जना विद्यार्थी भने अनुत्तीर्ण भएको शिक्षा विकास तथा समन्वय इकाइ पर्साका प्रमुख मोतीप्रसाद भट्टराईले जानकारी दिए।

उनका अनुसार एसईईमा पर्साबाट ३.६ देखि ४ भन्दा कम जीपीए ल्याउने ८० जना, ३.२ देखि ३.६ जीपीए ल्याउने ८५ जना, २.८ देखि ३.२ जीपीए ल्याउने २ सय ६ जना र २.४ देखि २.८ जीपीए ल्याउने १ सय ८१ जना छन्।

बाँकी ८ हजार ८ सय ८७ जना नन्ग्रेडमा परेको उनले बताए। पर्सा जिल्लामा ४ जीपीए ल्याउने विद्यार्थीको संख्या शून्य रहेको जानकारी उनले दिए। भट्टराईले भने, 'पर्सामा ४ जीपीए ल्याउने एक जना पनि विद्यार्थी छैनन्। एक जना मात्र विद्यार्थीको ३.९९ प्रतिशत जीपीए आएको छ।' पर्सामा यस पालिकाको एसईईको नतिजा निकै निराशाजनक आएको उनले बताए। भट्टराईले भने, 'यसपालि पर्साको एसईईको रिजल्ट राम्रो छैन। निक्कै निराशाजनक र कमजोर देखियो। अब यसबारे सरोकारवालाले गम्भीर समीक्षा गर्नुपर्छ।'



# मुलुकभर ९.८% मात्रै रोपाइँ

## आज राष्ट्रिय धान दिवस

ममता थापा | *काठमाडौं*

असार १५, राष्ट्रिय धान दिवस। अर्थात्, मानो रोपेर मुरी उब्जाउने समय। दुई दशकयता त सरकारले धूमधामसाथ धान दिवस मनाउने गरेको छ। तर, समयमा रोपाइँ नहुने र धान आयात गर्नैपर्ने बाध्यता छ। यस वर्ष पनि मध्य असारसम्म ९.८ प्रतिशतमात्रै रोपाइँ भएको छ। सिँचाइ र मलखादको अभावका कारण अधिकांश खेत बाँझै छन्।

सरकारले २०६१ सालदेखि असार १५ गतेलाई धान दिवस तथा रोपाइँ महोत्सव मनाउने गरेको छ। यस वर्ष कृषि तथा पशुपन्छी मन्त्रालयले 'जलवायु मैत्री कृषि, धान उत्पादनमा वृद्धि' भन्ने नारा दिएको छ। चितवनमा कार्यक्रम गरेर दिवस मनाइँदै छ।

तर, सिँचाइको अभावले समयमा धान रोप्नुपर्ने समस्या बर्सेनि दोहोरिने गरेको छ। आकाशेपानीकै भरमा धान खेती गर्नुपर्ने बाध्यता किसानको छ। यस वर्ष पनि लामो खडेरी र वर्षा सुरु नभएका कारण धान रोपाइँ गर्न सकिरहेका छैनन्। यस वर्ष १ लाख ३६ हजार ४ सय ११ हेक्टरमा धान रोपाइँ भएको छ। जुन, ९.८ प्रतिशतमात्रै हो। यस वर्ष मुलुकभर १३ लाख ९८ हजार ८ सय ६३ हेक्टर क्षेत्रफलमा रोपाइँ हुँदैछ। तर अझै १२ लाख ६२ हजार ४ सय २५ हेक्टर जमिनमा धान रोपाइँ गर्न बाँकी रहेको कृषि विभागको तथ्यांकमा उल्लेख छ। यसअनुसार अझै ९०.२ प्रतिशत जमिनमा रोपाइँ गर्न बाँकी छ।

**मुलुकभर धान रोपाइँको स्थिति**

| प्रदेश अनुसार | २०८१ असार १२ सम्म रोपाइँ (प्रतिशत) | बर्खे धान हुने क्षेत्रफल (हेक्टरमा) | हालसम्म धान रोपेको क्षेत्रफल (हेक्टरमा) | २०८० असार १० सम्म (प्रतिशतमा) |
|---|---|---|---|---|
| कोशी | ५.६ | २७६३८६.७३ | १५३६०.०३ | ६.५ |
| मधेस | २.९ | ३८३१५० | ११०४०.०३ | २.९ |
| बागमती | १८.३ | ११२२७३ | २०५५०.०१ | ५ |
| गण्डकी | ८.३ | ९८९०४ | ८२४७ | ६.९ |
| लुम्बिनी | ८.८ | ३११६४३ | २७५७० | १०.९ |
| कर्णाली | २३.९ | ४१९०४ | १००१०.१ | २२.६ |
| सुदूरपश्चिम | २५ | १७४५७६ | ४३६३४.३५ | २२.६ |
| कुल रोपाइँ (औसत प्रतिशत) | ९.८ | १३९८८३६.७३ | १३६४११.५ | ८.७५ |
| रोपाइँ गर्न बाँकी क्षेत्रफल | | १,२६२,४२५.२३ | *स्रोत : कृषि विभाग* | |

यद्यपि, गत वर्षको भन्दा भने केही बढी भागमा धान रोपाइँ भएको छ। गत वर्ष यही अवधिमा ८.७५ प्रतिशत धान रोपिएको थियो। तर, २०७९ सालमा भने ३०.७१ प्रतिशत रोपाइँ भएको थियो। असार मध्य हुँदा पनि मुलुकभर बर्खे धान रोपाइँ औसत कम छ। आकाशेपानीकै भर पर्नुपर्ने बाध्यता र मनसुन ढिलाइ हुँदा धान रोपाइँ कम हुने गरेको कृषि विभागका प्रवक्ता डा. अरुण काफ्ले बताउँछन्। उनका अनुसार धानको लागि सिँचाइ सुविधा भएको क्षेत्रफल एकदमै कम छ। 'मुलुकभर करिब २५ प्रतिशत क्षेत्रफलमा सिँचाइको सुविधा भएकाले समयमै रोपाइँ हुन्छ। यसबाहेकका क्षेत्रमा भने पानी परे मात्रै समयमा हुन्छ। आकाशेपानी नै कुर्नुपर्छ,' डा. काफ्लेले अन्नपूर्णसँग भने।

यस वर्ष सबैभन्दा बढी सुदूरपश्चिम र कर्णालीमा रोपाइँ भएको छ। सुदूरपश्चिममा २५ प्रतिशत धान रोपिएको छ। १ लाख ७४ हजार ५ सय ७६ हेक्टर जमिनमध्ये ४३ हजार ६ सय ३४ हेक्टरमा रोपाइँ भइसकेको छ। यस्तै, कर्णालीमा २३.९ प्रतिशत रोपाइँ भएको छ। ४१ हजार ९ सय ४ हेक्टरमध्ये १० हजार १० हेक्टरमा रोपाइँ भइसकेको छ। यो गत वर्षको भन्दा बढी हो।

गत वर्ष २२.६ प्रतिशत हाराहारीमा भएको थियो। हालसम्म सबैभन्दा कम रोपाइँ मधेस प्रदेशमा भएको छ। जहाँ २.९ प्रतिशतमात्रै रोपाइँ भएको छ। कुल ३ लाख ८३ हजार १ सय ५० हेक्टर जमिनमध्ये ११ हजार ४० हेक्टर मात्रै रोपाइँ भएको हो। यस्तै कोशी प्रदेशमा १७ प्रतिशत रोपाइँ भएको छ। २ लाख ७६ हजार ३ सय ८६ हेक्टरमध्ये १५ हजार ३ सय ६० हेक्टर मात्रै हो। यसैगरी बागमती प्रदेशले यसपटक १८.३ प्रतिशत रोपेको छ। यो कुल १ लाख १२ हजार २ सय ७३ हेक्टरमध्ये २० हजार ५ सय ५० हेक्टर हो।

» बाँकी पृष्ठ ६